मिक्लाजुङ गाउँपालिका, मोरङ

# स्थानीय राजपत्र

खण्ड ८ संख्या ५ मितिः असोज ३० गते, २०८१ साल

भाग-२

मिक्लाजुङ गाउँपालिका

राजपत्रमा प्रकाशन मितिः २०८१।०६।३०

मिक्लाजुङ गाँउपालिकाको निर्माण व्यवसायी इजाजतपत्र व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धित सम्पूर्ण सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## निर्माण व्यवसायी इजाजतपत्र व्यवस्थापन कार्यविधि, २०८१

प्रमाणीकरण मितिः २०८१/०६/२०

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको पारदर्शिता, स्वच्छता, ईमान्दरिता, जवाफदेहिता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग गर्ने उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँच अभिवृद्धि तथा निर्माण व्यवसायी सम्वन्धी व्यवस्थापनमा सहजता ल्याउन प्रशासन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (छ) (१०) ले दिएको अधिकार प्रयोग गरी मिक्लाजुङ गाउँ कार्यपालिकाबाट यो कार्यविधि जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम मिक्लाजुङ गाउँपालिकाको "निमार्ण व्यवसायी इजाजतपत्र व्यवस्थापन कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "आर्थिक ऐन" भन्नाले मिक्लाजुङ गाउँपालिका, मोरङको आर्थिक ऐनलाई जनाउँदछ ।

(२) "ईजाजत पत्र" भन्नाले मिक्लाजुङ गाउँ कार्यपालिकाले जारी गरेको 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्रलाई जनाउँदछ ।

(३) "कार्यपालिका" भन्नाले मिक्लाजुङ गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउँदछ ।

(४) "कार्यालय" भन्नाले मिक्लाजुङ गाउँ कार्यपालिकाको कार्यालय, मोरङलाई जनाउँदछ ।

(५) “कार्यविधि” भन्नाले निमार्ण व्यवसायी ईजाजतपत्र व्यवस्थापन कार्यविधि, २०८१ लाई जनाउँदछ ।

(६) "गाउँपालिका" भन्नाले मिक्लाजुङ गाउँपालिका मोरङलाई जनाउँदछ ।

(७) “समिति” भन्नाले दफा (४) अनुसार गठित सिफारिस समितिलाई जनाउँदछ ।

(८) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले मिक्लाजुङ गाउँकार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

३. **निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धी व्यवस्थाः** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले **अनुसूची -१** बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न नयाँ ईजाजत पत्रको लागि कार्यालयमा प्रमुख प्रशासकिय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले **अनुसूची -२** बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा दफा (४) बमोजिमको समितिबाट जाँचबुझ गरी सिफारिस गर्नु पर्नेछ ।

(३) दफा (४) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले नयाँ ईजाजत पत्रको निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्णयका लागि पेश भएमा न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको नयाँ ईजाजत पत्र कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले आर्थिक ऐनमा उल्लेख भए बमोजिमको दस्तुर लिई **अनुसूची -३** बमोजिमको ढाँचामा ईजाजत पत्र प्रदान गर्नेछ ।

(५) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा वाहेक उपदफा (४) बमोजिम ईजाजत पत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजानिक निर्माण कार्य गर्न गराउन पाइने छैन ।

४. **सिफारिस समिति सम्बन्धी व्यवस्थाः** (१) दफा ३ को उपदफा (२) बमोजिम निर्माण व्यवसायी नयाँ ईजाजत पत्र प्रदान गर्ने प्रयोजनको लागि तपशिल बमोजिमको एक सिफारिस समिति हुनेछः

(क) पूर्वाधार विकास शाखा प्रमुखः संयोजक

(ख) योजना शाखा प्रमुख वा निजले तोकेको प्रतिनिधिः सदस्य

(ग) प्रशासन शाखा प्रमुख वा निजले तोकेको प्रतिनिधिः सचिव

(२) उपदफा (१) बमोजिमको गठित सिफारिस समितिले **अनुसूची -२** बमोजिमको विवरण जाँचबुझ गरी सिफारिस गर्नु पर्नेछ ।

(३) समितिको वैठक सम्बन्धी व्यवस्था समिति स्वयं आफैले निर्धारण गरे अनुसार हुनेछ ।

५. **इजाजतपत्रको अवधि र नवीकरणः** (१) दफा (३) को उपदफा (४) बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ६ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक दर्ता भएको आर्थिक बर्षको मसान्त सम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त अध्यावधिक करचुक्ता प्रमाणपत्र, लेखा परीक्षण प्रतिवेदन तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित गाउँ कार्यपालिकाको कार्यालयबाट आर्थिक ऐन बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ ।

(३) इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा **अनुसूची -४** वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । **अनुसूची** -४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको ईजाजत पत्र नविकरण गर्न गाउँपालिकाको कार्यालय बाध्य हुनेछैन ।

(४) उपदफा (२) र (३) बमोजिमको म्याद नाघेको नौ महिना भित्र सबै प्रकृया पुरा गरी ईजाजत पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग गरेमा आर्थिक ऐन बमोजिमको विलम्ब शुल्क लिई ईजाजतपत्र नवीकरण गरिनेछ ।

(५) उपदफा (४) बमोजिम ईजाजत पत्र नविकरण नगरेका कुनै निर्माण व्यवसायीले आफ्नो ईजाजत पत्र नवीकरण गराउन आएमा दफा ३ बमोजिमको विवरण र आर्थिक ऐन बमोजिमको नविकरण शुल्क र नविकरण प्रति वर्ष विलम्ब शुल्क समेत लिई ईजाजतपत्र नवीकरण गरिनेछ ।म्याद नाघेको समयावधि सम्मको अनुसुची ४ बमोजिमको पासबुक भरी ईजाजत पत्र नविकरण लिनुपर्ने छ ।

६. **ईजाजतपत्रको खारेजीः** (१)देहायको अबस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको ईजाजत पत्र खारेज गर्न सक्नेछः

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई सफाई पेश गर्न मनासिब माफिकको मौका दिइनेछ ।

(३) उपदफा (१) बमोजिम खारेज भएको जानकारी गाउँ कार्यपालिकाकाको कार्यालयले सम्वन्धित फर्म वा कम्पनी दर्ता गर्ने कार्यालयलाई जानकारी दिनेछ ।

७. **ईजाजतपत्रको प्रतिलिपी सम्बन्धी व्यवस्थाः** (१) कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट ईजाजत पत्रको प्रतिलिपी पाउन निवेदन गरेमा आर्थिक ऐन बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिईनेछ ।

८. **नामसारी तथा ठाउँसारी सम्बन्धी व्यवस्थाः** (१) साविक दर्ता भएका ईजाजत पत्र नामसारी गर्दा, उद्योग वा कम्पनीको दर्ता गर्ने कार्यालयबाट नामसारी भएको प्रमाणपत्र तथा सम्बन्धित वडाको सिफारिस, सम्बन्धित व्यक्ति/प्रोपाईटरबाट बिक्री गरेको प्रमाण र लिने दिनेको संयूक्त निवेदन सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर छानविन गरी आर्थिक ऐनमा उल्लेखित नवीकरण बमोजिमको दस्तुर लिइ प्रमुख प्रशासकीय अधिकृतले नामसारी गर्न सक्नेछ ।

(३) ईजाजत प्राप्त निर्माण व्यवसायीले साविक ईजाजत पत्र प्राप्त गरेको ठेगाना परिवर्तन गरी यस स्थानीय तहबाट अर्को स्थानीय तहमा ठाउँसारी गर्न चाहेमा उद्योग वा कम्पनी दर्ता गर्ने कार्यालयबाट ठाउसारी भएको प्रमाण, ठेगाना सार्न चाहेको स्थानीय तह उल्लेख गरी कर चुक्ता प्रमाण पत्र,

सम्बन्धित वडाको सिफारिस तथा आर्थिक ऐन बमोजिम बुझाउनु पर्ने शुल्क तथा दस्तुर बुझाएको प्रमाण सहित प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन उपर छानविन गरी प्रमुख प्रशासकीय अधिकृतले ठाउँसारी गर्न आर्थिक ऐन बमोजिमको दस्तुर लिई ठाउँसारीको सिफारीस गरी दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम ठाउँसारीको सिफारिस दिएपछि सो को लगत कट्टा समेत गरिनेछ ।

(६) कुनै स्थानीय तहमा दर्ता भई ठाउँसारीको लागि उद्योग वा कम्पनी दर्ता गर्ने कार्यालयबाट ठाउसारी गरेको प्रमाण, कर चुक्ताको प्रमाण र सम्बन्धित वडाको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्राप्त निवेदन उपर छानविन गरी आर्थिक ऐनमा उल्लेखित नयाँ दर्ता बमोजिमको दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले ठाउँसारीको निर्णय गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम ठाउँसारी गरिएको विवरणका आधारमा नयाँ लगत कायम गर्नुपर्नेछ ।

(९) साविक दर्ता भएका ईजाजत पत्र नाम परिर्वतन गर्दा उद्योग वा कम्पनीको दर्ता गर्ने कार्यालयबाट नाम परिर्वतन भएको प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्र, सम्बन्धित वडाको सिफारिस, सम्बन्धित व्यक्ति/प्रोपाईटरले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(१०) उपदफा (८) बमोजिमको निवेदन उपर आवश्यक छानविन गरी आर्थिक ऐनमा उल्लेख भए बमोजिमको नवीकरणको शुल्क लिई प्रमुख प्रशासकीय अधिकृतले नाम परिवर्तन गर्न सक्नेछ ।

९. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिए जति यसै कार्यविधि बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०. **खारेजी र बचाउः** (१) मिक्लाजुङ गाउँपालिकाको निर्माण व्यवसायी ईजाजतपत्र व्यवस्थापन कार्यविधि, २०७५ र "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७७ खारेज गरिएको छ।

(२) यस अघि निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी भए गरेका कामकारबाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची - १

(कार्यविधि को दफा ३ को उपदफा (१) सँग सम्वन्धित)

ईजाजत पत्रको लागि दिईने दरखास्त

| दरखास्त दिनेको फोटो |
|---|

विषयः नयाँ ईजाजतपत्र/ईजाजत पत्र नवीकरण गरि पाउँ भन्ने बारे ।

श्री ............................

मिक्लाजुङ गाउँकार्यपालिकाको कार्यालय

मधुमल्ला, मोरङ

मिक्लाजुङ गाउँपालिकाको निर्माण व्यवसायी इजाजतपत्र व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण सहित दरखास्त पेश गरेको छु/छौ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,–

नामः.........................  ठेगानाः........................

टेलिफोन नं.................... मोवाइल नं........................... ईमेलः................................

२. फर्म वा कम्पनीको प्रकृति (कोष्ठमा रेजा लगाउनु पर्नेछ)

| प्राईभेट लिमिटेड कम्पनी | एकलौटी | पब्लिक लिमिटेड कम्पनी | साझेदारी |
|---|---|---|---|
| | | | |

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिकोः

नामः.........................  ठेगानाः........................

पोष्ट बक्सः...................

टेलिफोन नं.................... मोवाइल नं........................... ईमेलः................................

४. फर्म वा कम्पनीको विवरणः

दर्ता नं.: ....................................  दर्ता मितिः................................

अधिकृत पूँजीः रु...........................  जारी पूँजीः रु............................

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः.................................................

५. ईजाजतपत्र लिन चाहेको वर्गः (घ) वर्ग

६. समूहिकरण हुन चाहेको समूहः

७. आर्थिक श्रोतको विवरणः

| विवरण | रकम | बैंक वा वित्तीय संस्थाको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |

| | | |
|---|---|---|
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरणः

(क) प्राविधिकः...........

(ख) अप्राविधिकः..........

(ग) अन्यः..................

नोटः कर्मचारीको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्नेछ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरणः

| सि.नं. | सवारी साधनको विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) आदीको मेशिनरी औजर चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरणः

| सि.नं. | निर्माण सम्बन्धि कामको प्रकार | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालको नाम | कामको अवस्था प्रगति प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजातः

(क).............

(ख)..............

(ग).............

माथिको बुदाँ नं. १० र ११ नयाँ ईजाजत पत्र लिदाँ आवश्यक हुनेछैन ।

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाँउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको दस्तखतः

मितिः

द्रष्टव्यः यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्नग कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

# अनुसूची -२

(दफा ३ को  उपदफा (२) सँग सम्बन्धित)

“घ” वर्गको निर्माण व्यवसायीको योग्यता विवरण

१. पूँजीः प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँचलाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभाग वा कम्पनी रजिष्टारको कार्यलयमा दर्ता भएको हुनु पर्नेछ ।

२. जनशक्तिः मान्यता प्राप्त शिक्षण संस्थाबाट,

(क) सिभिल ईन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण प्राविधिक १ जना,

(ख) वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण लेखा सम्बन्धी काम गर्ने कर्मचारी १ जना,

(ग) माथि उल्लेखित (क) र (ख) बमोजिमको जनशक्तिको सेवा पूरा समय प्राप्त भएको सुनिश्चित हुनु पर्नेछ।

३. मेशीन र उपकरणः

| | |
|---|---|
| (क) एस्काभेटरः | एक थान |
| (ख) ट्रिपरः | एक थान |
| (ग) मिक्सर मेशिनः | एक थान |
| (घ) थेडोलाईट÷लेबल मेशिनः | एक सेट |
| (ङ) वाटर पम्पः | एक थान |
| (च) भाइब्रेटरः | एक थान |
| (छ) कम्प्यूटर प्रिन्टरः | एक सेट |

नोटः

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु र नयाँ खरिद भएकोमा मु.अ.कर विजक अनिवार्य पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु हाल ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

## अनुसूची -३

(कार्यविधिको दफा ३ को उपदफा (४) सँग सम्वन्धित)

मिक्लाजुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मधुमल्ला, मोरङ

**घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र**

ईजाजत पत्र नं.......                                                                 मितिः........................

मिक्लाजुङ गाउँ कार्यपालिकाको मिति ....................को निर्णय अनुसार निर्माण व्यवसायी ईजाजतपत्र व्यवस्थापन कार्यविधि, २०८१ को दफा ३ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ......................................स्थित कार्यालय भएको .................................... फर्म वा कम्पनीलाई ईजाजतपत्र प्रदान गरिएको छ ।

प्रोपाईटरको नामः

ठेगानाः

चालु पूँजीः रु..................

ईजाजतपत्र दिनेकोः

दस्तखतः

नामः

पदः

मितिः

ईजाजत पत्रको नवीकरण विवरणः

फर्म/कम्पनीको नामः ............................. प्रोपाईटरको नामः..........................ठेगाना.....................

| सि.नं. | नवीकरण गर्ने अधिकारीको नाम | नविकरण गरेको मिति | नविकरण बहाल रहने मिति | नविकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# अनुसूची -४

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

## निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)

| क्र.सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयूक्त उपक्रमको नाम (भएमा) | शेयर प्रतिशत | ठेक्का विवरण | सार्वजानिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगतिको विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क)ठेक्का रकमः<br>ख) सम्झौता मितिः<br>ग) ठेक्का अवधीः | क) नामः<br>ख) पदः<br>ग) हस्ताक्षरः<br>घ) छापः | क) थप समयः<br>ख) नामः<br>ग) पदः<br>घ) हस्ताक्षरः<br>ङ) निर्माण मितिः<br>च) छापः | क) Variation पछिको सम्झौता रकमः<br>ख) Variation को निर्णय गर्ने अधिकारीको नामः<br>ग) पदः<br>घ) हस्ताक्षरः<br>ङ) छापः | क) सम्पन्न रकमः<br>ख) सम्पन्न मितिः<br>ग) सम्पन्न प्रतिशतः<br>घ) नामः<br>ङ) पदः<br>च) हस्ताक्षरः<br>छ) छापः | क) अन्तिम ठेक्का रकमः<br>ख) सम्पन्न मितिः<br>ग) नामः<br>घ) पदः<br>ङ) हस्ताक्षरः<br>च) छापः | |
| | | | | | क)ठेक्का रकमः<br>ख) सम्झौता मितिः<br>ग) ठेक्का अवधीः | क) नामः<br>ख) पदः<br>ग) हस्ताक्षरः<br>घ) छापः | क) थप समयः<br>ख) नामः<br>ग) पदः<br>घ) हस्ताक्षरः<br>ङ) निर्माण मितिः<br>च) छापः | क) Variation पछिको सम्झौता रकमः<br>ख) Variation को निर्णय गर्ने अधिकारीको नामः<br>ग) पदः<br>घ) हस्ताक्षरः<br>ङ) छापः | क) सम्पन्न रकमः<br>ख) सम्पन्न मितिः<br>ग) सम्पन्न प्रतिशतः<br>घ) नामः<br>ङ) पदः<br>च) हस्ताक्षरः<br>छ) छापः | क) अन्तिम ठेक्का रकमः<br>ख) सम्पन्न मितिः<br>ग) नामः<br>घ) पदः<br>ङ) हस्ताक्षरः<br>च) छापः | |